# सिनर्जी फाइनान्स लिमिटेडको

## विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

यस सिनर्जी फाइनान्स लिमिटेडको मिति २०७३/०७/०३ मा बसेको सञ्चालक समितिको ८४औं बैठकको निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस सिनर्जी फाइनान्स लिमिटेडको विशेष साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**सभा सञ्चालन हुने स्थान, मिति र समय**

स्थान : केन्द्रीय कार्यालय, बुटवल, रुपन्देही

मिति : २०७३ मंसिर ५ गते बुधवार (तदनुसार २० डीसेम्बर, २०१६)

समय : विहान ११:०० बजे

**विशेष साधारण सभामा पेश गरिने विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको पूँजि वृद्धि गर्न १:०.२५ का दरले हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

२. हकप्रद शेयर निष्काशन पश्चात् पूँजि वृद्धि गर्न कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. नियमनकारी निकायबाट प्रबन्ध-पत्र तथा नियमावलीमा फेरबदल गर्न कुनै निर्देशन प्राप्त भएमा तदनुरूप थपघट, परिमार्जन वा संशोधन गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

४. विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विशेष साधारणसभालाई ध्यानमा राखी मिति २०७३/०७/१७ गतेदेखि मिति २०७३/०८/०५ गतेसम्म फाइनान्सको शेयरधनी दर्ता किताब बन्द रहेको छ ।

२. विशेष साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले हितग्राही खाता खोलिएको (De-Mat) /शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजे देखि खुल्ला गरिनेछ ।

४. विशेष साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७३/०८/०३ गते विहान ११:०० बजे भित्र फाइनान्सको कर्पोरेट कार्यालय कमलादीमा दर्ता गराइ सक्नु पर्नेछ। फाइनान्सको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित (प्रोक्सी) फाराम फाइनान्सको कर्पोरेट कार्यालयमा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

७. नावालक वा मानसिक सन्तुलन ठिक नरहेको शेयरधनीहरूको तर्फबाट फाइनान्सको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. विशेष साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र फाइनान्सको कर्पोरेट कार्यालय कमलादी र केन्द्रिय कार्यालय मिलनचोक बुटवलमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

सिनर्जी फाइनान्स लिमिटेड
Synergy Finance Ltd.


केन्द्रीय कार्यालय
मिलनचोक, बुटवल १०, रुपन्देही
पो.ब.नं. २५, फोन: ०७१-५५१४२०/२१ फ्याक्स: ५५१५२२

कर्पोरेट अफिस
कमलादी, काठमाडौं
पो. ब. नं. २१५०७, फोन: ४४४३०५१ फ्याक्स: ४४४३०६०